# बाह्रदशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## चकचकी, झापा

१ नं. प्रदेश नेपाल

प.सं.०७७/७८
च.नं. ६५९

मिति: २०७७/०९/०३

विषय: सेवा शुल्क सम्बन्धमा ।

श्री सबै सहकारी संस्थाहरु,
बाह्रदशी गाउँपालिका, झापा ।

सहकारी संस्थाहरुले कर्जा प्रवाह गर्दा लिने सेवाशुल्क तथा अन्य अतिरिक्त शुल्कको सम्बन्धमा मिति २०७७।०८।२२ गतेको बैठकको निर्णय मिति २०७७।०८।२३ को प्रेश विज्ञप्ति मार्फत प्राप्त भएकोले देहाय बमोजिम गर्न गराउनु हुन बाह्रदशी गाउँपालिकामा क्रियाशील रहेका सबै सहकारी संस्थाहरुको लागि यो सूचना प्रकाशन गरिएको छ ।

क. सहकारी संस्थाहरुले सदस्यलाई प्रवाह गर्ने कर्जामा नियमानुसार सम्झौता बमोजिमको ब्याज रकम बाहेक अतिरिक्त शुल्क नलिने । तर कर्जा प्रवाह गर्दा संस्थाको अतिरिक्त खर्च पर्ने अवस्था भई अतिरिक्त शुल्क नलिई नहुने भएमा ब्याज बाहेक अधिकतम १ प्रतिशतमा नबढने गरी सेवा शुल्क लिन बाधा नपर्ने ।

ख. सहकारी संस्थाले समुह सिर्जना गरी सामुहिक जमानिमा (लघुवित्त) कर्जा लगानी गरेको हकमा संस्थाको अतिरिक्त खर्च पर्न गई अतिरिक्त शुल्क नलिई नहुने अवस्थामा ब्याज बाहेक अधिकतम १.५ प्रतिशतमा नबढ्ने गरी सेवा शुल्क लिन बाधा नपर्ने ।

ग. नियमानुसार कर्जाको ब्याज र सेवा शुल्क लिएकोमा थप प्रक्रिया शुल्क, प्रशासन शुल्क जस्ता कुनै पनि अतिरिक्त शुल्कहरु लिन नपाईने ।

.............................................
चित्र प्रसाद गुरागाई
प्रमुख प्रशासकीय अधिकृत